# नेपाल पत्रकार महासङ्घको
# शिक्षा पत्रकारिता पुरस्कारसम्बन्धी जरूरी सूचना

नेपाल पत्रकार महासङ्घले शिक्षा विभागको सहकार्यमा विगतका वर्षझैं यस वर्ष पनि शिक्षासम्बन्धी विभिन्न पुरस्कारका लागि आवेदन आह्वान गरेको छ ।

**पुरस्कारहरू निम्न छन्:**

**१) राष्ट्रिय शिक्षा पत्रकारिता पुरस्कार**

**२) प्रादेशिक शिक्षा पत्रकारिता पुरस्कार**

**३) प्रादेशिक पत्रकारिता लेखनवृत्ति**

**४) संस्थागत शिक्षा पत्रकारिता पुरस्कार**

राष्ट्रिय शिक्षा पत्रकारिता पुरस्कार देशभरबाट छनोट गरी प्रदान गरिनेछ । कुनै पनि सञ्चारमाध्यममा कम्तिमा ५ वर्षदेखि निरन्तररूपमा शिक्षा क्षेत्रलाई प्राथमिकता दिई काम गरिरहेका व्यक्तिले यसका लागि आवेदन दिनसक्नेछन् ।

प्रादेशिक शिक्षा पत्रकारिता पुरस्कार र प्रादेशिक शिक्षा लेखनवृत्तिका लागि सातओटै प्रदेश तथा काठमाडौं उपत्यकाबाट छनोट हुनेछ । कम्तिमा ३ वर्षदेखि निरन्तररूपमा शिक्षा क्षेत्रलाई प्राथमिकता दिएर कुनै पनि सञ्चारमाध्यममा पत्रकारिता गरिरहेका व्यक्तिले प्रादेशिक पुरस्कार र लेखनवृत्तिमा आवेदन दिनसक्नेछन् ।

संस्थागत शिक्षा पुरस्कारतर्फ दैनिक पत्रिका, टेलिभिजन र अनलाइनलाई राष्ट्रिय स्तरमा तथा प्रादेशिक स्तरमा रेडियोको छनोट गरी पुरस्कार प्रदान गरिनेछ । रेडियोको हकमा काठमाडौं उपत्यकाबाट समेत छनोट गरिनेछ ।

पुरस्कारमा सहभागी हुन चाहने पत्रकारले शिक्षा क्षेत्रमा पत्रकारितामार्फत पुर्‍याएको योगदानसहितको व्यक्तिगत विवरण, २०७४ वैशाख १ गतेदेखि २०७४ चैत मसान्तसम्म आफूले तयार पारेर प्रकाशित/प्रसारित भएका ५ ओटा शिक्षासम्बन्धी समाचार सामग्री, खोजमूलक लेख–रचना २०७५ जेठ मसान्तसम्म महासङ्घको कार्यालय सञ्चारग्राम, काठमाडौंमा वा महासङ्घको इमेल fnjnepalcentral@gmail.com मा आइपुग्नेगरी पठाउनु पर्नेछ । शिक्षा पत्रकारिता पुरस्कार महासङ्घ र शिक्षा विभागको संयुक्त निर्णयअनुसार तयार गरिएको मापदण्डका आधारमा तोकेको छनोट समितिबाट हुनेछ ।